# भाग ५

## नेपाल सरकार

## कृषि तथा पशुपन्छी विकास मन्त्रालयको

## सूचना

नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी खाद्य वस्तुको गुणस्तर निर्धारण सम्बन्धी सूचना खण्ड ५०, सङ्ख्या ४२, मिति २०५७।१०।२३ को नेपाल राजपत्र भाग ३ तथा खण्ड ७०, सङ्ख्या २२, मिति २०७७।०५।२९ को नेपाल राजपत्र भाग ५ मा प्रकाशित आदेशको प्रकरण ०१ को दुध तथा दुग्ध पदार्थहरु (Milk and Milk Products) को सङ्केत नं. ०१.२४ पछि देहायको सङ्केत नं. ०१.२५ थपी सोको गुणस्तर देहाय बमोजिम निर्धारण गरेकोले यो सूचना प्रकाशन गरिएको छ :-

**"०१.२५ छुर्पी (Chhurpi)**

**१. गुणस्तरको क्षेत्र (Scope)**

गाई, चौरीगाई वा भैंसीको एकल वा  मिश्रित दुध प्रशोधन गरी उत्पादन  तथा प्रशोधन गरी तयार गरिएको सबै प्रकारका छुर्पीमा यो गुणस्तर मापदण्ड लागू हुनेछ।

**२. परिचय (Introduction)**

छुर्पी दुधमा आधारित नेपालको परम्परागत खाद्य पदार्थ हो। छुर्पीलाई नेपालका फरक फरक स्थानमा विभिन्न नामले चिनिन्छ, जस्तैः दुरुखा, दुरुख्वा, दुर्खो, दुर्खा तथा च्यु (Chew) पनि भन्ने गरिन्छ। घृतांशयुक्त वा कम घृतांशयुक्त दुधलाई उमालेर उपयुक्त विधिद्वारा फटाएर



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

निस्केको छेनालाई जाली वा कपडा लगायतबाट छानेपछि प्राप्त हुने ठोस पदार्थलाई केही समयसम्म निश्चित चाप (Pressure) को प्रयोग गरी थिचेर उपयुक्त आकार (Shape) दिइन्छ। यसरी प्राप्त भएको ताजा छुर्पी (Fresh Chhurpi) लाई धुवाँ लगाई वा नलगाई छायाँ, ड्रायर वा अन्य उपयुक्त विधिद्वारा उपयुक्त तापक्रम र आद्रतामा सुकाएपछि छुर्पी तयार हुन्छ। दुधको चिल्लो पदार्थको आधारमा छुर्पीलाई देहाय बमोजिम वर्गीकरण गरिएको छ।

२.१ **घृतांशयुक्त छुर्पी** **(High Fat Chhurpi):** यस वर्गमा दुधको चिल्लो पदार्थ ५.०% वा सो भन्दा बढी भएका छुर्पीहरू पर्दछन्।

२.२. **कम घृतांशयुक्त छुर्पी** **(Low Fat Chhurpi):** यस वर्गमा दुधको चिल्लो पदार्थ ५.०% भन्दा कम भएका छुर्पीहरू पर्दछन्। कम घृतांशयुक्त छुर्पीलाई डग च्यु (Dog Chew) को रूपमा पनि उपभोग गर्ने प्रचलन बढ्दै आएको छ।

## ३. आवश्यक गुणस्तर परिधिहरू (Essential Composition and Quality Factors)

छुर्पी स्वच्छ र सफा भई चारित्रिक स्वाद र बास्ना भएको हुनु पर्नेछ। यसमा ढुसी तथा किरा लागेको र सडेको हुनु हुँदैन। साथै कुनै किसिमको जैविक तथा अजैविक अखाद्य पदार्थको उपस्थिति हुनु हुँदैन तथा अखाद्य रङ्गको प्रयोग गर्न पाइने छैन । छुर्पीमा देहाय बमोजिमका मापदण्डहरू पूरा भएको हुनु पर्नेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र. सं. | चारित्रिक गुणहरू | मात्रा | |
|---|---|---|---|
| | | घृतांशयुक्त छुर्पी | कम घृतांशयुक्त छुर्पी |
| १. | जलांश प्रतिशत, बढीमा (Moisture percentage, maximum) | १४.० | १४.० |
| २. | दुधको कुल प्रोटिन, प्रतिशत सुख्खा तौलको आधारमा, घटीमा (Total milk protein, percentage on dry weight basis, minimum) * | ६०.० | ६०.० |
| ३. | दुधको चिल्लो पदार्थ, प्रतिशत सुख्खा तौलको आधारमा, (Milk fat, percentage on dry weight basis) | ५.० वा सो भन्दा बढी | ५.० भन्दा कम |
| ४. | कुल भष्म, प्रतिशत सुख्खा तौलको आधारमा, बढीमा (Total ash, percentage on dry weight basis, maximum) | ७.० | ७.० |

* प्रोटिन = नाइट्रोजन × ६.३८

**<u>द्रष्टव्य</u>** :

(क) "अजैविक अखाद्य पदार्थ" भन्नाले ढुङ्गा, बालुवा, काँच (सिसा), प्लाष्टिक वा सोको



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

टुक्राहरू, माटो, धातुका टुक्रा लगायतका पदार्थलाई सम्झनु पर्छ।

(ख) "जैविक अखाद्य पदार्थ" भन्नाले कपाल/रौं, भुस, चोकर, परालका टुक्रा, कपडाको टुक्रा, जिउँदो वा मरेको किरा/मुसा वा सोको अंश, पशुपन्छी तथा वनस्ततिजन्य अन्य फोहोर लगायतका अखाद्य पदार्थलाई सम्झनु पर्छ।

**४. कन्टामिनेन्ट्स (Contaminants), टक्सिन्स (Toxins) तथा अवशेष (Residues)**

छुर्पीमा कन्टामिनेन्ट्स (Contaminants) जस्तैः जीवनाशक विषादीको अवशेष, हेभी मेटल्स (Heavy Metals), सुक्ष्म जीवाणुहरू तथा टक्सिन्स (Toxins) लगायत अन्य हानिकारक तत्त्वका अवशेषहरूको अधिकतम मात्रा नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तोके बमोजिम हुनेछ।

**५. स्वच्छता (Hygiene) सम्बन्धी व्यवस्था**

छुर्पीको उत्पादन, प्रशोधन, प्याकेजिङ, ह्याण्डलिङ, भण्डारण तथा ढुवानीमा स्वच्छता सम्बन्धी नेपाल सरकार, कृषि तथा पशुपन्छी विकास मन्त्रालयले तोके बमोजिम हुनेछ। छुर्पीमा सुक्ष्म जैविक मापदण्ड देहाय बमोजिम हुनेछ :-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| क्र.सं. | सुक्ष्म जीवहरू | मात्रा |
|---|---|---|
| १. | ई. कोलि, प्रति ग्राममा (*E. coli,* per gm) | अनुपस्थित |
| २. | साल्मोनेल्ला, प्रति २५ ग्राममा (*Salmonella,* per 25 gm) | अनुपस्थित |

६. **प्याकेजिङ र लेबलिङ सम्बन्धी व्यवस्था (Packaging and Labeling Requirements)**

(क) छुर्पीलाई सफा र सुख्खा, खाद्य ग्रेडको प्याकेजिङ सामग्रीमा बन्द गरी प्याकेजिङ गर्न सकिनेछ।

(ख) प्याकेजिङ गरिएको छुर्पीको लेवलमा खाद्य स्वच्छता तथा गुणस्तर ऐन, २०८१ को दफा १९ बमोजिमको विवरण उल्लेख गर्नु पर्नेछ।"

**आज्ञाले,**

**डा. दीपक कुमार खराल**

**नेपाल सरकारको सचिव।**



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।